प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

# कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट आज भएका गतिविधिहरु

*मिति २०७६/१२/२० गते* गण्डकी प्रदेश *अन्तर्गत संचालित हेल्लो डाक्टर, क्वारेन्टाइन व्यवस्थापन, आपूर्ति व्यवस्थापन प्रयोगशाला व्यवस्थापन लगायत विभिन्न विषयमा भैरहेका क्रियाकलापहरुको समिक्षा गर्न तथा योजना तयार गर्नका लागि स्वास्थ्य निर्देशनालयका निर्देशक विनोद विन्दु शर्मा ज्युको अध्यक्षतामा बैठक बसी निम्न निर्णयहरु गरियो।*



१. डेटिकेटेड अस्पतालको लागी आवश्यक पर्ने कर्मचारी व्यवस्थापनका लागी पहिलो हप्ताको लागी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले कर्मचारीको विवरण उपलब्ध गराउने निर्णय गरियो।

२. आवास तथा वित्तिय व्यवस्थापन (कोरोना संक्रमणको व्यवस्थापनका लागी) सामाजिक विकास मन्त्रालयका उप सचिव (प्रशासन) ज्यूको नेतृत्वमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेशका लेखा अधिकृतहरुको समिती गठन गरि सम्पूर्ण आर्थिक तथा वित्तीय कारोवार गर्ने निर्णय गरियो।

३. गण्डकी प्रदेशमा कोरोना सम्बन्धि स्याम्पल नमुना संकलनका लागी जिल्ला सहित दिउँसो १ बजेदेखि २ बजेसम्मका लागी समय तोक्ने र यो समय का कर्मचारीहरुबाट नमुना संकलन गर्ने निर्णय गरियो। १०० बेडभन्दा कम क्षमता भएका अस्पतालहरुबाट नजिकको अस्पतालमा नमुना संकलनका लागी प्रेषण गर्ने व्यवस्था मिलाउने निर्णय गर्नका लागी डा.डुक क्षेत्री, डा राजीव लालचन र सपना सुवेदीलाई जिम्मा दिने निर्णय गरियो।

४. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भेन्टिलेटर स्थापनाका लागी चरक मेमोरियल अस्पताललाई जिम्मा दिने निर्णय गरियो। एकथान भेन्टिलेटर चरक मेमोरियल अस्पतालले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान भवनमा राख्ने निर्णय गरियो।

५. जिल्लामा भएका नमुना (कोरोना भाइरसका) हरुलाई निश्चित समय तोकी पोखरा ल्याउने व्यवस्था मिलाउने मुस्ताङ, म्याग्दी, बाग्लुङ र पर्वतको नमुना पर्वत मार्फत, गोरखा, लमजुङ, मनाङ र तनहुँको तनहुँ मार्फत पोखरा ल्याउने र स्याङजाको अस्पताल मार्फत पोखरामा नमुना परिक्षणको लागी ल्याउने व्यवस्था मिलाउने निर्णय गरियो।

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०



- Contact Tracing र द्रुत प्रतिकार्य टोलि (RRT) को पुनार्गठनको लागि EDCD तथा स्वास्थ्य स्वास्थ्य निर्देशनालयबाट गण्डकी प्रदेशका स्वास्थ्य कार्यालय र अस्पतालका प्रमुख तथा प्रतिनिधिहरु संग अनलाइन अभिमुखीकरण सम्पन्न भयो ।
- विगत ८ दिन देखि मालेपाटन पोखराको कृषि तालिम केन्द्र स्थित क्वारेन्टाइन होममा बसेका सबै १६ जनाको अवस्था सामान्य रहेको छ ।



- कोरोना भाईरसको संक्रमण सम्बन्धी कार्यक्रम हरुको बारेमा पत्रकार महासंघको सभाहलमा सम्मेलन सम्पन्न भयो। उक्त अवसरमा गण्डकी प्रदेश सरकारबाट प्राप्त भएका पन्जा, मास्क लगायतका सामाग्रीहरु कास्कीमा कार्यरत पत्रकारहरुलाई स्वास्थ्य निर्देशनालयका निर्देशक डा विनोद विन्दु शर्माले वितरण गर्नु भएको थियो । पत्रकार महासंघका अध्यक्ष दिपेन्द्र श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

नोट: नेपाल टेलिकमको पोखरा शाखामा प्राविधिक गडबढीका कारण विहान ११ बजेसम्म टेलिफोन अवरुद्ध भयो, तैपनि हेल्लो डाक्टर १०९२ मा आज परामर्श सेवा लिएकाको संख्या २२, र आजसम्म कुल संख्या ३६३

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमुना र नतिजा सम्बन्धि विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | बेड | बसेका | | | | |
| कास्की | ११ | ३०९ | ४६ | ९६ | १११ | - | २६ | २० | 0 | ६ |
| स्यांग्जा | ३४ | ११२५ | २४ | ५३२ | ४ | - | ५ | ४ | 0 | १ |
| तनहुँ | १३ | ७० | १ | ५५० | ४५ | - | १ | १ | 0 | ० |
| लमजुङ्ग | ६६ | ९३९ | ७७ | - | ५ | - | ४ | ४ | - | ० |
| गोरखा | १० | ११९ | ४ | २४८ | ३५ | २ | १ | 0 | 0 | १ |
| पर्वत | ११ | ९७ | ४ | १८५ | १५ | - | ४ | ४ | 0 | ० |
| म्याग्दी | १६ | १२५ | २४ | ९१ | ६ | १ | १ | ० | 0 | १ |
| बाग्लुङ्ग | २३ | १५० | २६ | ८०६ | ९ | १ | १४ | ८ | २ | ४ |
| नवलपुर | २४ | ७४९ | ६६ | - | २४ | - | - | - | - | - |
| मनाङ्ग | ३ | ४९ | - | ३ | ७ | - | - | - | - | - |
| मुस्ताङ्ग | १५ | ८३ | ७ | - | ६ | - | - | - | - | - |
| जम्मा | २२६ | ३८१५ | २७९ | २५११ | २६७ | ४ | ५६ | ४१ | २ | १३ |

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा